## कार्यकारी समितिको (मिति २०७४/०१/१७ गते आइतबार) ६२ औ बैठकको निर्णयहरु ।

१. गैर सरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२ दफा (९) बमोजिम सिफारिस भई आएको देहाय बमोजिमको पुनर्निर्माण संग सम्बन्धित परियोजना स्वीकृत गर्ने । सो योजना निर्माण संचालन /गर्दा कम्तीमा पुनर्निर्माण सम्बन्धी स्वीकृत मापदण्ड अनुसार गर्ने शर्त पालना गर्न लगाउने साथै कारीटस नेपालको हकमा दोहोरो सुविधा नपर्नेगरी एकिन गर्न जिल्ला समन्वय समितिको सचिवालयलाई निर्देशन दिने ।

| क्र.स. | संस्थाको नाम | आयोजना कार्यान्वयन स्थान | परियोजनाको प्रकृति | बजेट | परियोजना अवधि | कै. |
|---|---|---|---|---|---|---|
| १. | नेपाल राष्ट्रिय मण्डली संगती | श्री थुम्की प्रा.वि गिम्दी ६ ललितपुर | विद्यालय भवन २ कोठे ट्रष्ट निर्माण | १०,००,०००।- | २०७४ /०१ मसान्त | |
| २. | सगुन थापाथली, काठमाडौं | श्री इन्द्रोदय आधारभूत विद्यालय , खार्पाचोक काभ्रे | विद्यालय भवन ४ कोठा | ८१,५९,७८४।- | १ वर्ष | |
| ३. | कारीटस नेपाल | सविक ओराङ गा.वि.स. ४८६ घरपरिवार, बुलुङ्ग गा.वि.स. ५४६ घरपरिवार दोलखा | ५० हजार अतिरिक्त अनुदान वितरण | ५,१६,००,०००।- | १ वर्ष | |
| ४. | NSET | दोलखा, धादिङ्ग र नुवाकोट जिल्ला | OJT संचालन | ८०,००,०००।- | सन २०२० सम्म | संशोधन |
| ५. | DON BOSCO society Nepal | कल्लेरी आधारभूत विद्यालय चौतारा सागाचोक गढी न.पा. ७ | विद्यालय भवन ६ कोठा | १,०५,५७,६१३। | १ वर्ष | संशोधन |

२. विपद व्यवस्थापन तथा पूर्व तयारीका लागि उपत्यका भित्र खुला क्षेत्र पर्याप्त नभएको परिप्रेक्ष्यमा उपत्यका भित्रका सरकारी भवन एवं सार्वजनिक, सरकारी वा अर्धसरकारी जग्गाहरु कुनै पनि सरकारी , निजी वा अर्ध सरकारी संस्थालाई हस्तान्तरण गर्न वा भाडामा दिन बन्देज लगाउने व्यवस्था मिलाउन सम्बन्धित सबै मन्त्रालयहरुलाई अनुरोध गर्ने साथै रिङ्गरोडभित्र खुला स्थानको व्यवस्था गर्न समेत सम्बन्धित मन्त्रालयलाई अनुरोध गर्ने ।

३. UNDP बाट प्राप्तभई प्राधिकरणमा काममा खटिने २७ जना ईन्जिनियरहरुको संलग्न बमोजिम कार्य विवरण (TOR ) स्वीकृत गर्ने साथै कार्यस्थलको व्यवस्था गरी अनुगमन र सुपरीवेक्षण तथा प्रतिवेदनको व्यवस्था राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट गर्ने ।

४. भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी खरिद कार्यविधिको दोस्रो संशोधनको मस्यौदा परिमार्जन सहित स्वीकृतको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) मा पेश गर्न श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई अनुरोध गर्ने ।

५. साँखु, खोकना र बुङ्गमति लगाएतका प्राचिन बस्तीहरुको सम्पदा संरक्षण तथा व्यवस्थापनको लागि आवश्यक सुझावहरु सहितको प्रतिवेदन १५ दिनभित्र दिने गरी देहाय बमोजिमको कार्यटोली गठन गर्ने:

१. कार्यकारी समिति सदस्य श्री ध्रुवप्रसाद शर्मा - अध्यक्ष
२. डा. हरिराम पराजुली - सदस्य
३. सह-सचिव श्री द्वारिका श्रेष्ठ - सदस्य
४. संपदा संरक्षण शाखा प्रमुख - सदस्य सचिव

नि. सचिव

६. भूकम्पबाट प्रभावित व्यक्तिको पुनर्वास तथा स्थानान्तरणको लागि वनक्षेत्रको जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७३ को दफा ५ बमोजिम गोरखा जिल्लाबाट सिफारिस भै आएको साविक लाप्राक गा.वि.स. कि.न. ९०३ को १७६६-०-२-० क्षेत्रफल भएको घासे झाडी सहितको वन क्षेत्रमा उल्लेखित जग्गालाई निम्नानुसारको संरचना निर्माण गर्न सोध भर्ना नहुनेगरी सोही कार्यविधिको दफा १० बमोजिम जग्गा उपलब्ध गराउने ।

| | |
|---|---|
| क. मनिकाम देवी मा.वि. | १.८८ हेक्टर |
| ख. लाप्राक अस्पताल र स्वास्थ्य चौकी | ०.३ हेक्टर |
| ग. गुम्बा निर्माण | ०.२६ हेक्टर |
| घ. पानी टंयांकी निर्माण | ०.२२ हेक्टर |
| ङ. गा.वि.स. भवन र प्रहरी चौकी निर्माण | ०.१४ हेक्टर |
| जम्मा | २.८१ हेक्टर |

७. छुट जग्गा दर्ता प्रयोजनका लागि यस अघिनै प्राधिकरणबाट सूचना प्रकाशित भएकोमा उक्त सूचनाको म्याद समाप्त भएकाले पुन: एक वर्ष सम्मको लागि छुट जग्गा दर्ता गर्ने सम्बन्धी सूचना प्रकाशन गर्ने ।

८. कार्यकारी समिति सदस्य श्री ध्रुव प्रसाद शर्मा सहित गएको अध्ययन टोलीबाट प्राप्त संलग्न प्रतिवेदन बमोजिम साविक हाकु गा.वि.स.को सानो हाकु, ठुलो हाकु र हाकुवेशी तथा साविक लाङटाङ गा.वि.स. को अनुदान सम्झौता प्रकृया अगाडी बढाउन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय ( केन्द्रीय आयोजना कार्यान्वयन इकाई) लाई निर्देशन दिने साथै असुरक्षित भनी औल्याइएका घरहरुलाई स्थानान्तरण गर्ने प्रकृया अगाडी बढाउने ।

९. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, केन्द्रीय आयोजना कार्यान्वयन इकाईको प.स. २०७३/७४ च.नं ३३१ मिति २०७४/१/१५ को पत्रसाथ प्राप्त भूकम्पबाट कम प्रभावित १७ जिल्ला मध्ये ४ जिल्लाहरुको संलग्न सूची बमोजिमको ७,६४५ जना लाभग्राहीहरुको नामावली स्वीकृत गरी सो अनुरुप सम्बन्धित गाउँपालिका एवं नगरपालिकाहरुमा नामावली प्रकाशन गर्ने व्यवस्था मिलाउन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गतको केन्द्रीय आयोजना कार्यान्वयन इकाईलाई निर्देशन दिने ।

१०. भूकम्पबाट क्षतिग्रस्त स्वास्थ्य संस्थाहरुको पुनर्निर्माण गर्ने प्रयोजनार्थ स्वास्थ्य मन्त्रालय अन्तर्गत आयोजना समन्वय इकाई (Program Coordination Unite, PCU) गठन गर्ने । सथै आयोजना समन्वय इकाई (Program Coordination Unite) को प्रारुप (Modality) तयार गरी एक हप्ता भित्र पेशगर्न स्वास्थ्य मन्त्रालयलाई अनुरोध गर्ने ।

११. विविध ।

क. जिल्ला समन्वय समितिको सचिवालय सिन्धुपाल्चोकबाट प्रमाणित गर्ने बारेको प्राप्त पत्रानुसार, अस्पष्ट रहेको भन्ने सन्दर्भमा साविक गा.वि.स./ न.पा. ले गर्दै आएको पुनर्निर्माण सम्बन्धी सम्पुर्ण कार्यहरु नेपालको संबिधान बमोजिम गठित स्थानीय तह (गाउँ पालिका र नगरपालिका) कार्यकारी अधिकृत र वडा कार्यालयहरुबाट समेत संचालन गर्ने र सो को जानकारी भूकम्प प्रभावित सबै स्थानीय तहहरुमा गराउन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (केन्द्रीय आयोजना कार्यान्वयन इकाई) लाई निर्देशन दिने।

ख. भूकम्प कम प्रभावित १७ जिल्लामा आवश्यकता अनुसार प्राविधिक लगाएतका कर्मचारीहरु सेवा करार (OUT sourcing) गर्न आवश्यक तयारी गर्न डा. हरिराम पराजुलीको संयोजकत्वमा सबै कार्यकारी समिति सदस्यहरु सदस्य र सहसचिव प्रकाश थापा सदस्य सचिव रहेको कार्यटोली गठन गर्ने ।

नि. सचिव